का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० असोज २०८०,
शनिबार
7 October 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २५४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# शिक्षा विधेयकमा संघीयताको खोजी



संविधानले विद्यालय शिक्षा पूर्णरूपमा राज्यको दायित्व र मौलिक अधिकार हो भनेर भनेको छ। विधेयकले यो कुरालाई सुनिश्चित गरेको देखिँदैन।

**प्रदीप पौडेल**
सांसद, नेपाली कांग्रेस

शिक्षाले वर्ग निर्माण गरको छ। वर्ग निर्माण गरेको कुरालाई स्वीकार गरेर वर्ग समन्वय मात्रै होइन सामाजिक एकता कसरी कायम गर्ने भन्ने विषयमा विधेयकले केही पनि बोलेको छैन।

**विद्या भट्टराई**
सांसद, नेकपा एमाले

जिल्ला शिक्षा कार्यालय राख्नु स्थानीय सरकारको अधिकार संकुचित गर्नु हो। यो संविधानको भावना विपरीत छ।

**डा. सिके राउत**
अध्यक्ष, जनमत पार्टी

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १९ असोज ।

विद्यालय शिक्षा विधेयक २०८० माथि संसदमा छलफल सुरु भएको छ। प्रतिनिधि सभामा शुक्रबार भएको विधेयकमाथिको सैद्धान्तिक छलफलमा ८५ जना सांसदले भाग लिए । विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा सांसदहरुले शिक्षा विधेयकमा संघीयताको खोजी गरेका छन् ।

संविधानले आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने भनेको छ। तर, प्रस्तावित विधेयकले निजी विद्यालय रहने र निजी विद्यालयले शुल्क लिन पाउने अवस्था कायमै राखेको छ। यस्तो कानून बनाएर संविधानतः प्राप्त मौलिक हक कार्यान्वयन हुन नसक्ने र नेपालमा रहेको दुईथरी शिक्षा कायमै रहने सांसदहरूको चिन्ता छ ।

स्थानीय सरकारको एकल अधिकार सूची संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा छ । यस आधारमा माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहको भएको भनी सांसदहरूले प्रश्न उठाएका छन् ।

पृष्ठ २ मा

स्थानीय सरकारको एकल अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा छ । यो निःशुल्क र अनिवार्य हुने भनिएको छ । यीलगायतका कतिपय प्रावधानहरुमा सांसदहरुले प्रस्तावित विधेयकले संविधानको मर्म र भावना बोके/नबोकेको धारणा राखेका छन् ।

## ‘राजा’ शब्दमा जुहारी



राजा ज्ञानेन्द्रको कुन त्यस्तो गतिविधिले लोकतन्त्रलाई अवरुद्ध गरिराखेको छ र लोकतन्त्र विरोधी भएको छ ? त्यसको म जानकारी लिन चाहन्छु ।

■ **राजेन्द्र लिङ्देन**, अध्यक्ष, राप्रपा



नेपालको संविधानले राजा चिन्दैन । यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । तसर्थ यो राजा भन्ने शब्द रेकर्डबाट हटाइयोस् ।

■ **लेखनाथ दाहाल**, सांसद, माओवादी केन्द्र

संसदमा ‘राजा’ शब्दलाई लिएर सांसदहरुका बीचमा जुहारी नै चल्यो । शुक्रबार सबैभन्दा पहिले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई राजा भनेर सम्बोधन गरेका थिए ।

अध्यक्ष लिङ्देन लगत्तै बोलेका माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले राजा शब्दलाई संविधानले नचिन्ने भनी काउण्टर गरे । संविधानतः वाक स्वतन्त्रता रहेको भन्दै राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले पुनः काउण्टर गरे ।

बिहीबार जनता समाजवादी पार्टी (जसपा) का सांसद प्रदीप यादवले ज्ञानेन्द्र पृष्ठ २ मा

## ६१ किलो सुन तस्करी
## २५ जना थुनामा



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असोज ।

६१ किलो सुन तस्करी प्रकरणमा एक जना बाहेक पक्राउ परेका सबै थुनामा जाने भएका छन्। जिल्ला अदालत काठमाडौंले ६१ किलो सुन तस्करीको आरोपमा पक्राउ परेकामध्ये १ जना बाहेक सबैलाई थुनामा पठाउन आदेश दिएको हो ।

जिल्ला अदालतले रुकमिना सुब्बालाई भने ५ लाख धरौटी लिएर छाड्न आदेश दिएको छ । जिल्ला अदालत काठमाडौंका प्रवक्ता दिपक दाहालका अनुसार एक जना बाहेक पक्राउ परेका सबै थुनामा जाने आदेश भएको हो ।

सुन तस्करी प्रकरणमा २६ जना पक्राउ परेका थिए। त्यसमध्ये २५ जनालाई थुनामा पठाउने आदेश भएको हो ।

## मधेश सरकार विस्तार
## गठबन्धन बेखबर

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १९ असोज ।

मधेश प्रदेश सरकार सातौं पटक विस्तार भएको छ । मुख्यमन्त्री सरोजकुमार यादवले शुक्रबार सातौं पटक सरकार विस्तार गरेका हुन् ।

चार महिनादेखि विना विभागीय मन्त्री रहेकी जसपाकी सुरिता साहलाई दिन जनमतको भागमा रहेको शिक्षा तथा समाज कल्याण मन्त्रालय पृष्ठ २ मा

### जनमत रुष्ट

जनमत पार्टी भने असन्तुष्ट भएको छ । बुधबारको समेत मन्त्रिपरिषद बैठकमा मन्त्रालय फोड्ने र कार्यविभाजनको प्रस्ताव नै लगिएको थिएन । मुख्यमन्त्रीले आफूखुसी आफ्नो भागको मन्त्रालय फोडेको भन्दै जनमत असन्तुष्ट बनेको हो ।

गठबन्धनमा पनि छलफल नभएको बताइएको छ ।

### भूकम्प पीडितलाई राहत

# अस्थायी घर बनाउन ५० हजार



बझाङ चैनपुरस्थित जिल्ला प्रशासन कार्यालयमा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीहरुलागायतसँग शुक्रबार भएको अन्तरक्रियात्मक कार्यक्रम ।

राहत सामग्रीहरू पाल, कम्बल, औषधि, खाद्यान्न, लत्ताकपडा, अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सामग्रीहरुको व्यवस्थापन गरिनेछ भने थप सामग्री आवश्यक परेमा तीनै तहका सरकारको समन्वयमा व्यवस्था गरिनेछ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १९ असोज ।

बझाङ भूकम्प प्रभावितले राहत पाउने भएका छन् । शुक्रबार स्थलगत अवलोकन गर्न पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राहत, पुनर्स्थापना तथा पुनर्निर्माणको लागि सरकारले गर्न पहल घोषणा गरेका छन्।

घोषणा भए अनुसार भूकम्पबाट घर पूर्णरुपमा क्षति भएका भूकम्प पीडितले तत्काल राहतस्वरुप ५० हजार रुपैयाँ राहत पाउनेछन् । भूकम्पबाट प्रभावित अन्य परिवारलाई राहतस्वरूप परिवार संख्याको आधारमा मापदण्ड बमोजिम १५ देखि २० हजार तत्काल राहत खर्च प्राप्त गर्नेछन् ।

राहत सामग्रीहरू पाल, कम्बल, औषधि, खाद्यान्न, लत्ताकपडा, अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सामग्रीहरुको व्यवस्थापन गरिनेछ भने थप सामग्री आवश्यक परेमा तीनै तहका सरकारको समन्वयमा व्यवस्था गरिनेछ ।

भूकम्पमा परी घाइतेहरूको निःशुल्क उपचारको प्रबन्ध मिलाइएको छ । भूकम्पले निम्त्याएको पहिरोमा परी मृत्यु भएकाको परिवारलाई तत्काल २ लाख सहयोग दिइनेछ ।

भूकम्पले भत्किएका, चिरा परेका, आंशिक क्षति भएका घर तथा संरचनाहरुको दीर्घकालीन पुनर्निर्माण र पुनर्स्थापनाका लागि स्थानीय तह, जिल्ला प्रदेशबाट प्राप्त क्षति मूल्यांकनका आधारमा कार्यविधि बनाई यसअघि गोरखा, सिन्धुपाल्चोक लगायतका जिल्लामा गरिएको पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## नेपाल र रोमानियाबीच श्रम समझदारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असोज

नेपाल र रोमानियाबीच श्रम समझदारी सम्पन्न भएको छ । श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र रोमानियाको श्रम तथा सामाजिक ऐक्यबद्धता मन्त्री सिमोना बुकुरा ओप्रेस्कुबीच द्विपक्षीय श्रम समझदारी पत्रमा हस्ताक्षर भएको श्रम मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने नेपाल सरकारको नीतिअनुरुप विभिन्न मित्रराष्ट्रहरुबीच द्विपक्षीय श्रम सम्झौता गर्ने कार्यलाई निरन्तरता दिने क्रममा उक्त समझदारी भएको मन्त्रालयले जनाएको छ।

नेपाल र रोमानीयाबीचको कूटनीतिक सम्बन्ध कायम भएको ५५ वर्षपछि दुई



देशबीच श्रम क्षेत्रमा समेत थप समझदारी कायम भएको हो । मन्त्रालयले युरोपेली मुलुक रोमानिया नेपाली श्रमिकहरुका लागि आकर्षित र सुरक्षित श्रम गन्तव्यको रुपमा रहेको र श्रम बजारको फराकिलो सम्भावना रहेकोले श्रम समझदारी गरिएको बताएको छ । पृष्ठ २ मा

### ‘वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारलाई हेर्ने दृष्टिकोण बदल्नुपर्छ’



**सपना बोहरा / मध्यान्ह**
दाङ, १९ असोज

लमही नगरपालिकाका नगर प्रमुख जोगराज चौधरीले वैदेशिक रोजगारीका लागि गएका व्यक्तिका परिवारलाई समाजले हेर्ने दृष्टिकोण बदलिनुपर्ने बताएका छन् । पृष्ठ २ मा

### भूलसुधार

मध्यान्ह दैनिकको वर्ष २१, अंक २५३, मिति २०८० साल असोज १९ गते शुक्रबार प्रथम पृष्ठमा प्रकाशित मुख्य समाचारको शीर्षक ‘बहसमा बोलाइए महान्यायाधिवक्ता’ हुनुपर्नेमा भूलवस अन्यथा भएकाले पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।

स.

### मानवअधिकार आयोगको निष्कर्ष

## रिगलको कैद मिनाहा कानून विपरीत

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा नियन्त्रणमा लिइ ज्यान मारेको मुद्दा फिर्ता लिन नमिल्ने भनी स्पष्ट कानूनी व्यवस्था छ । यस विपरीत सरकारले संविधान दिवसको दिन नेपालगञ्जका चेतन मानन्धरको हत्यामा संलग्न रिगललाई माफी मिनाहा दिएको देखिएको आयोगले बताएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असोज ।

राष्ट्रिय मानवअधिकार आयोगले रिगल भनिने योगराज ढकालको कैद मिनाहा कानून विपरीत भएको निष्कर्ष निकालेको छ। यही निष्कर्षका साथ आयोगले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पत्र लेखेको छ ।

आयोगका अध्यक्ष तपबहादुर मगरले पठाएको पत्रमा रिगलको कैद मिनाहा मुलुकी फौजदारी कार्यविधि संहिता र मानव अधिकारको मूल्य मान्यता विपरीत भएको निष्कर्ष निकालिएको उल्लेख छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा नियन्त्रणमा लिई ज्यान मारेको मुद्दा फिर्ता लिन नमिल्ने भनी स्पष्ट कानूनी व्यवस्था छ। यस विपरीत सरकारले संविधान दिवसको दिन नेपालगञ्जका चेतन मानन्धरको हत्यामा संलग्न रिगललाई माफी मिनाहा दिएको देखिएको आयोगले बताएको छ । जिल्ला अदालत, बाँकेले ११ वैशाख २०७५ मा गरेको फैसलामा पृष्ठ २ मा



क्रुर तरिकाले पूर्व तयारीका साथ वारदात घटाएको भनी उल्लेख भएको अवस्था स्पष्ट हुँदाहुँदै रिगल ढकाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ विपरीत माफी मिनाहा दिएको पाइएको छ ।

**तपबहादुर मगर**
अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोग

मध्यान्ह
www.madhyanhadaily.com
२० असोज २०८०, शनिबार
7 October 2023, Saturday


# प्रधानमन्त्रीलाई मुस्लिम समुदायले गरायो ध्यानाकर्षण

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, १९ असोज

सर्लाहीको मलंगवा र बाँकेको नेपालगञ्जमा भएको अप्रिय भिडन्तले सिर्जना गरेको अशान्ति र अराजकताप्रति चिन्ता व्यक्त गर्दै मुस्लिम समुदायले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापनपत्र बुझाएको छ। मुस्लिम समुदायले प्रधानमन्त्रीसमक्ष ६ वटा माग अगाडि सार्दै शान्तिसुरक्षाका लागि पनि ध्यानाकर्षण गराएको छ।

मुस्लिम समुदायले समाज र देशको शान्तिलाई खलल पुऱ्याउने कुनै पनि व्यक्ति वा समूहलाई छुट दिन नहुने बताएको छ। ज्ञापन पत्रमा भनिएको छ, 'मलंगवा र नेपालगञ्ज घटनाले तराईका जिल्लाहरूमा अल्पसंख्यक मुस्लिम समाजमा त्रास फैलिएको छ। त्यहाँ माहोल शान्त पार्न कफ्र्यू लगाइन्छ र निषेधाज्ञाकै अवस्थामा प्रहरीकै उपस्थितिमा तोडफोड, कुटपिट, आगजनी र लुटपाट हुन्छ। सामाजिक सञ्जालमा मुसलमानहरूलाई काटमार गर्नेबारे भएका गोप्य बैठकहरूका भिडियोहरू छ्याप्छ्याप्ती छ। साम्प्रदायिकता फैलाउने खालका स्टाटस र भिडियोहरू छताछुल्ल भएर पोखिएका छन्।'

मुस्लिम समुदायले यस घटनालाई दुई धार्मिक समुदायबीचको साम्प्रदायिक घटना नभइ दूरगामी योजनामा आधारित प्रायोजित घटनाको रूपमा लिएको छ। 'हामी मुस्लिम समुदायको सुरक्षाको विषय मात्र लिएर आएका छैनौं। यो विषय जनयुद्ध, जनआन्दोलन, प्रजातान्त्रिक आन्दोलन, महिला, मधेसी, जनजाति, दलित, थारू र मुस्लिम आन्दोलनहरूको उपज संविधानको रूपमा प्राप्त उपलब्धिहरू गणतन्त्र, सहभागितामूलक समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, संघीयता, सामाजिक न्याय, जनताका अधिकतम मौलिक हकलाई उल्ट्याएर पुनःपुरानै सामन्ती व्यवस्थालाई स्थापित गर्ने षड्यन्त्रमा आधारित छ,' ज्ञापनपत्रमा भनिएको छ।



ज्ञापनपत्रमा अगाडि भनिएको छ, 'तराईका भूमिलाई प्रतिक्रान्तिको आधार इलाका बनाउन खोजिएको छ। निर्दोष मधेसका जनतालाई आपसमा जुधाएर देशलाई अशान्त गरी अराजकताको माध्यमले प्रतिक्रान्तिको जग बसाल्ने दुरगामी सोचमा आधारित छ यो घटना। यसमा तराईका निर्दोष हिन्दू र मुसलमानलाई मोहरा बनाउन खोजिएको छ। मलंगवा र नेपालगञ्ज दुवै ठाउँमा भएको प्रदर्शन र झडपमा बाहिरीयाहरूको बाक्लो उपस्थितिले प्रश्नहरू उब्जाएका छन्। यो नेपालको सार्वभौमिकता र स्वाधिनतासँग जोडिएको सवाल पनि हो। हामी यसमा पनि चिन्तित छौँ।'

मुस्लिम समुदायले प्रतिगमनविरुद्ध कडा कानून बनाइ यसमा संलग्न व्यक्ति वा समूहहरूलाई कानूनको दायरामा ल्याउन माग गरेको छ। त्यस्तै मलंगवा र नेपालगञ्ज घटनाको निष्पक्ष छानबिनका लागि अविलम्ब एक न्यायिक छानविन समिति गठन गर्न पनि मुस्लिम समुदायले माग गरेको छ।

मुस्लिम समुदायले सरकारसँग पीडितहरूलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउन तथा अनावश्यकरूपमा लगाइएको मुद्दा फिर्ता लिनसमेत माग गरेको छ। देशमा सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले सबै समुदायलाई समेटेर संघ, प्रदेश र जिल्ला स्तरमा क्रमशः एआइजी, डिआइजी र सिडिओको नेतृत्वमा सामुदायिक शान्ति संयन्त्र गठन गर्न समेत मुस्लिम समुदायले माग गरेको छ। ज्ञापनपत्र बुझाउन मुस्लिम सांसद, नेता, मानवअधिकारकर्मी, ओलमा, विद्यार्थी, महिला र बुद्धिजीवीहरू सिंहदरबार पुगेका थिए। सो अवसरमा राजनीतिक दलका मुस्लिम भ्रातृसंगठन र अन्य संघ-संस्थाहरूको उपस्थिति रहेको थियो। मानवअधिकारवादी मुस्लिम नेतृ मोहना अन्सारीले ज्ञापन पत्र वाचन गरेकी थिइन् भने ज्ञापन पत्रको खुलासा नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री रिजवान अन्सारीले गरेका थिए। मुस्लिम समन्वय समितिका संयोजक मोहम्मद निजामुद्दीन र सहसंयोजक मोहम्मद युनुस अहमरले ज्ञापन पत्र प्रधानमन्त्री प्रचण्डलाई बुझाएका थिए।

# फूलमा आत्मनिर्भर बन्न इस्मामा पुष्प खेती

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १९ असोज



गुल्मीको इस्मा गाउँपालिकामा फूलमा आत्मनिर्भर बन्नका लागि पुष्प खेतीको शुरुवात भएको छ। पछिल्लो समय कृषिलाई आफ्नो व्यावसाय बनाएर लागेका इस्मा गाउँपालिका वडा नम्बर ३ का गोकर्ण नेपालीले पुष्प खेतीको शुरुवात गरेका छन्।

गाउँपालिकाले धेरै कृषकलाई पुष्प खेती गरेर बाहिरबाट आयात हुने फूललाई निरुत्साहित पारी इस्मामै उत्पादन भएको फूललाई प्राथमिकता दिने हेतु राखे पनि त्यो खालको पुष्प खेती गर्ने कृषक भेटिएका थिएनन्। तर नेपालीले गाउँपालिकालाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिकरुपमा पुष्प खेती गरेपछि गाउँपालिकाले थप प्रोत्साहनका लागि नेपालीलाई ६० हजार रुपैयाँ अनुदान दिएको छ। नेपालीले आफ्नो ८ रोपनी जग्गामा ६ हजार बढी फूल रोपेका छन्।

६ हजार फूल ३ वटा ब्याडमा फरक-फरक समयमा फूल्ने गर्छन्। केही फूल अहिले फूलिरहेका छन् भने केही फूल तिहारमा र केही फूल तिहार पछाडि फूल्ने गरी ब्याड निर्माण गरेको नेपालीले बताए। उनले अहिलेसम्म ५-६ वटा कार्यक्रममा ३० देखि ३५ हजारको फूल बेचिसकेको र अझै एक लाख पचास हजार बढीको फूल बेच्न सकिने आंकलन गरेका छन्। नेपालीले आफूले गरेको हरेक काममा स्थानीय सरकारले अभिभावक्तव निर्वाहा गरेको बताए। उनले कृषिसँग सम्बन्धित काम गर्ने कृषि ज्ञान केन्द्र, घरेलुजस्ता कार्यालयले विभिन्न प्रकोपबाट फूललाई बचाउन औषधि तथा प्राविधिक औजारहरु अनुदानमा उपलब्ध गराइदिने हो भने थप सहज हुने बताए। ६ हजार बढी फूलबाट इस्मा गाउँपालिका पुष्पामा आत्मनिर्भर भएको नेपालीले बताए। गाउँपालिकामा यति धेरै फूल खपत नहुने देखेपछि अन्यत्र पनि बेचिएको उनले बताए। इस्मा गाउँपालिका अध्यक्ष भगत सिंह खड्काले प्रायःकृषकले अनुदानको आशमा मात्र व्यावसायिकरुपमा कृषि गर्ने परिपाटी रहेको बताए। यस्तो सोच राखेर कृषिलगायत व्यापार व्यावसाय गर्ने व्यक्ति त्यस पेशाप्रति उत्तरदायी र सफल नहुने उनको भनाइ छ। उनले गाउँपालिकाभित्र अनुकरणीय र अनुसरण गर्ने खालका व्यावसाय गर्ने व्यक्तिलाई गाउँपालिकाले विभिन्न प्रकारका अनुदान र प्रोत्साहनका कार्यक्रम ल्याएको बताए। गाउँपालिकाले व्यावसायिकरुपमा भैंसी पालन गर्ने कृषकलाई पशु हेरालु अनुदान दिँदै आएको पनि उनले बताए।

इस्मा गाउँपालिका उपाध्यक्ष अधिवक्ता पार्वती कुवँरले आफूहरुले धेरै कृषकलाई पुष्प खेती गर्न आह्वान गर्दै सहयोगको पनि घोषणा गरेको तर कोही पनि तयार नभएको बताइन्। उनले यसमा नेपालीको इच्छाशक्तिमाथि पालिकाको पनि धेरै ताकेता गरेको र उनले पनि आँटेको र अहिले फूलबारी आकर्षक बनेको बताइन्। इस्मा -२ को छल्दिफाटको मजुवा कृषि बगैंचा नै बनाएर फलफूल तरकारीलगायत उत्पादन गर्न खोजेको तर स्थानीय तयार नभएको उनको भनाइ छ। उनले भनिन्,'नागरिकलाई काम गर्नुस् भन्यो भने सिधै के कति अनुदान भनेर बार्गेनिङको संकेत पाइन्छ। यो वर्ष पनि कृषिका विभिन्न विधामा काम गर्न खोजेका छौं। यसमा सबैले सहयोग गर्नुहुन्छ भन्ने विश्वास छ।'

# माधवनारायण नगरपालिकाको बजेट ५३ करोड बढी

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १९ असोज




रौतहटको माधवनारायण नगरपालिकाको नगर सभाको आठौं अधिवेशन शुक्रबार सम्पन्न भएको छ।

प्रत्येक स्थानीय तहले असार मसान्तभित्रमा नगरसभा सम्पन्न गरी आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम ल्याउनुपर्ने प्रावधान भएपनि जनप्रतिनिधिबीच कुरा नमिल्दा असारमा हुन नसकेको आठौं नगर अधिवेशन तीन महिना ढिलो गरी शुक्रबार मात्र सम्पन्न भएको हो।

नगर प्रमुख बैजनाथ प्रसाद यादवको अध्यक्षतामा नगरपालिकाको सभाहलमा सम्पन्न नगरसभाले यस चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न ५३ करोड भन्दा बढीको बजेट ल्याएको छ।

नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि र भौतिक पूर्वाधार विकासलाई प्राथमिकता राखेर चालु आर्थिक वर्ष २०८०/८१ का लागि ५३ करोड ३० लाख ४४ हजार रूपैयाँ बजेट ल्याएको छ।

नगरपालिकाले आफ्ना ८ औं नगरसभाबाट आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम समेत सार्वजनिक गरेको हो।

मेयर बैजनाथ प्रसाद यादवले प्रस्तुत गरेको उक्त बजेटमा संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान १० करोड ९४ लाख, सशर्त अनुदान १९ करोड ३५ लाख २१ हजार ८ सय, चालू खर्च (राजस्व बाँडफाँट) ९ करोड ३५ लाख २१ हजार ८ सय रुपैयाँ प्राप्त भएको छ। त्यस्तै प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान ७८ लाख ८७ हजार, विशेष अनुदान ३० लाख, समपुरक अनुदान २० लाख रुपैयाँ रहेको छ।

त्यस्तै संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान एक करोड, समपूरक अनुदान एक करोड रहेको छ। नगरपालिकाको आन्तरिक श्रोत र केन्द्र तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने मौज्दात गरी ८ करोड ९३ लाख ३५ हजार रुपैयाँ रहेको छ।

नगरपालिकबाले प्रस्तुत गरेको आफना नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य कृषि र भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिएको छ।

# बारा प्रहरीद्वारा अवैध घरेलु मदिरा नष्ट

**राहुल गुप्ता/मध्यान्ह**
बारा, १९ असोज

जिल्ला प्रहरी कार्यालय बाराले विभिन्न ठाउँमा छापामारी भारी मात्रामा अवैध घरेलु मदिरा तथा भट्टी नष्ट गरेको छ। बिहीबार बारा प्रहरीको टोलीले करैयामाई गाउँपालिका वडा न.३ गालोपट्टी, महागढीमाई नगरपालिका १० र ३ गंजभवानीपुरको ९ ठाउँमा छापामारी मदिरा राख्ने १४ वटा ड्रम, मदिरा तयार पार्ने ५ वटा मेसिन तथा मदिरा राख्ने डेक्ची १ वटा बरामद गरी नियन्त्रणमा लिएको छ। सो स्थानबाट मदिरा बनाउने कच्चा पदार्थ ५४ हजार लिटर तथा तयारी मदिरा २५ हजार लिटर बरामद गरी नष्ट गरिएको बारा प्रहरीका सूचना अधिकारी प्र.ना.उ.( डीएसपी) दधिराम न्यौपानेले बताए।

## शिक्षा...

माध्यमिक तहसम्मको विद्यालय सञ्चालन राष्ट्रिय मापदण्डका आधारमा हुने भनी विधेयक मार्फत केन्द्रीकृत शासन व्यवस्थालाई निरन्तरता दिन खोजिएको छ। यो संविधानको भावना विपरित रहेको बताउँछन् जनमत पार्टीका अध्यक्ष डा. सिके राउत। 'जिल्ला शिक्षा कार्यालय ल्याउनु भनेको संघले नियन्त्रण गर्न खोजेको संघीयता विरोधी गतिविधिका रूपमा देखियो। त्यसलाई खारेज गर्नुपर्छ', उनले भने।

लोकसेवा आयोग प्रदेशमा रहेको, निजामती सेवा स्थानीय तहमा भइरहेको अवस्थामा माध्यमिक शिक्षा बोर्डलाई केन्द्र वा संघमा राख्न नहुने उनको मत छ। प्रत्येक जिल्लामा संघीय सरकारको शिक्षा कार्यालय राखिए त्यसले संविधान नमानेको ठहरिने उनको भनाइ छ।

अन्य कतिपय प्रावधानहरुमा समेत सांसदहरुले प्रस्तावित विधेयकले संविधानको मर्म र भावना बोके नबोकेको धारणा राखेका छन्।

नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले विद्यालय शिक्षा विधेयकले संविधानको मुल मर्मलाई समेट्न नसकेको बताउँछन्। उनी भन्छन्, 'संविधानले विद्यालय शिक्षा पूर्ण रूपमा राज्यको दायित्व र मौलिक अधिकार हो भनेर भनेको छ। विधेयकले यो कुरालाई सुनिश्चित गरेको देखिँदैन।' बहुप्रतिक्षित भए पनि सदनमा छलफल भइरहेको विद्यालय शिक्षा विधेयक २०८० ले जुन खुशी ल्याउनुपर्ने र आशा सञ्चार गर्नुपर्ने हो त्यो गर्न नसकेको उनको भनाइ छ।

नेकपा एमालेकी सांसद विद्या भट्टराई प्रस्तावित विद्यालय शिक्षा विधेयक अस्पष्ट रहेको बताउँछिन्। उनी भन्छिन्, 'शिक्षाले वर्ग निर्माण गरको छ। वर्ग निर्माण गरेको कुरालाई स्वीकार गरेर वर्ग समन्वय मात्रै होइन सामाजिक एकता कसरी काम गर्ने भन्ने विषयमा विधेयकमा केही पनि बोलेको छैन।'

## राजा...

शहको गतिविधि लोकतन्त्र विरोधी रहेको भनी निगरानी गर्न आवश्यक रहेको बताएका थिए। त्यसउपर शुक्रबारे प्रतिनिधि सभाको बैठकमा राप्रपा अध्यक्ष लिङ्देनले प्रश्न उठाए।

'कुन त्यस्तो गतिविधि रहेछ राजावादीहरुको जसले धार्मिक सद्भाव विथोल्न लागेको छ? राजा ज्ञानेन्द्रको कुन त्यस्तो गतिविधि जसले लोकतन्त्रलाई अवरुद्ध गरिराखेको छ र लोकतन्त्र विरोत्रधी भएको छ? त्यसको म जानकारी लिन चाहन्छु। प्रष्ट पार्न ती वक्ता साथीहरुलाई आग्रह गर्दछु' अध्यक्ष लिङ्देन भने।

लिङ्देनपछि बोलेका नेकपा माओवादी केन्द्रका सांसद दाहालले राजा शब्द संसदीय रेकर्डबाट हटाउन माग राखे। 'नेपालको संविधानले राजा चिन्दैन। एकजना माननीय ज्यूले राजा भन्ने शब्द प्रयोग गर्नुभयो सम्मानित सदनमा। यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो। तसर्थ यो राजा भन्ने शब्द रेकर्डबाट हटाइयोस् भन्ने माग राख्न चाहन्छु' माओवादी सांसद दाहालले भने।

अलिकपछि राप्रपाका ज्ञानेन्द्र शाहीले काउण्टर गरे, 'राजा भन्न पाइँदैन भनियो। वाक स्वतन्त्रता छ। बोल्न पाइन्छ।'

## मधेश..

फुटाएर एक मन्त्रालय थपेको हो। खेलकुद तथा समाज कल्याण मन्त्रालय र शिक्षा तथा संस्कृति मन्त्रालयको बनाएको छ। सुरिता साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रालय र शिक्षा तथा समाज कल्याण मन्त्रालयको मन्त्री रहेका जनमतका संसदीय दलका नेता महेश प्रसाद यादवलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेबारी दिइएको छ।

## भूकम्प...

पुनर्निर्माण जस्तै स्थानीय सामग्रीहरूको प्रयोग गरी सुरक्षित पुनर्निर्माणको काम अगाडि बढाइने प्रतिबद्धता जनाएको छ। सरकारी कार्यालय, सामुदायिक भवन, स्कूल आदि क्षति पुगेका संरचनाहरूको यथाशीघ्र पुनः निर्माण गरिने समेत जनाइएको छ।

बझाङ चैनपुर स्थित जिल्ला प्रशासन कार्यलयमा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीहरु लागायतसँग शुक्रबार भएको अन्तर्क्रियात्मक कार्यक्रममा राहतको विषय घोषणा भएको हो।

घोषणा भए अनुसार बझाङ केन्द्रबिन्दु भएर गएको भुकम्पबाट कहाँ, के, कति क्षति भएको छ यकिन गर्ने र मुल्याङ्कनका आधारमा सामान्य मर्मत सम्भार गर्नुपर्ने, गरी प्रबलिकरण गर्नुपर्ने वा पुनर्निमाण गर्नुपर्ने भन्ने निर्धारण गरी कार्य अघि बढाइनेछ।

अन्य भुकम्पहरूलाई जोखिमको पूर्व संकेतको रूपमा लिंदै ठूलो विपदको सामना गर्न सक्ने क्षमता विकास गर्न जोखिम आँकलन, न्यूनिकरण, पूर्व तयारी र पूर्व सूचना प्रणालीको काम अघि बढाउने घोषणा पनि भएको छ। यी कामहरू लाई बझाङ लगायत जोस्सिममा उच्च जोखिममा रहेका क्षेत्रमा समेत अघि बढाइनेछ।

बझाङ र सुदूर पश्चिमको समग्र विकासमा निर्णायक महत्व राख्ने कैयन परियोजना अघि बढाइएका छन्। हालै चीनको भ्रमणका अवसरमा उरै भञ्ज्याङ हुँदै ताक्लाकोट सीमा नाका र दार्चुलाको टिंकर नाका समेत खोल्ने सहमति भएको छ। नेपालतर्फ दिपायल-खुटिया-उरै-ताक्लाकोट फास्ट ट्र्याक सडकका लागि र टिंकर जोडने महाकाली करिडोरका लागि बजेट सुनिश्चत गरिएको प्रधानमन्त्री प्रचण्डले बताएका छन्। बझाङमा खानीजन्य उद्योग तथा हिमाली पर्यटन का क्षेत्रमा तीनै तहबीच समन्वय गरी आयोजना निर्माण गर्ने बाचा प्रचण्डको छ। उनका अनुसार नेपालको आर्थिक विकास तथा विद्युतीकरणको लागि महत्वपूर्ण पश्चिम सेती जलविद्युत परियोजना कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढेको छ।

भुकम्पबाट प्रभावितहरूलाई उद्धार, राहत तथा अन्य सहयोग प्रदान गर्न खटिएका सम्पूर्ण राष्ट्रसेवक, सुरक्षा निकाय, स्थानीय तह, नागरिक समाज, दातृसंस्था, नीजि क्षेत्रलगायत सबैलाइ सरकारका तर्फबाट धन्यवाद दिँदै प्रधानमन्त्री प्रचण्डले आगामी दिनमा समन्वय, सहकार्य र सहयोगका लागि समेत आव्हान गरेका छन्।

## नेपाल...

समझदारीपत्रमा दोहोरो कारार, आधारभूत अंग्रेजी भाषाको ज्ञान तथा व्यावसायिक सीप जस्ता विषयहरुमा आपसी समन्वय र सहकार्यबाट समाधान र व्यवस्थापन गर्न सहमति कायम भएको पनि मन्त्रालयले जनाएको छ।

मुलतः रोमानियामा ठूलो संख्यामा आप्रवासी कामदारहरुको माग रहेको, नेपाली कामदारहरुको कार्य स्वभाव, इमान्दारिता, लगनशीलताले रोजगारदाताको विश्वास आर्जन गर्न सकेकोले छोटो समयमा इथिकल रिक्रुटमेन्टमार्फत नेपाली कामदार रोमानिया लैजाने कानूनी प्रावधान तथा व्यवस्थापनका बारेमा चासो व्यक्त भएको छ। मन्त्रालयले भनेको छ, 'कामदारको सामाजिक सुरक्षाको हकमा रोमानियमा कार्यरत रहेका कुनै पनि आप्रवासीका मदारहरुले रोमानियाका नागरिकसरह सामाजिक सुरक्षाको उपभोग गर्न पाउने व्यवस्था रहेको जानकारी गराउँदै दुबै पक्षको श्रमसँग सम्बन्धित निकायबीच समन्वय र सहकार्य गरी द्विपक्षीय श्रम समझदारीको प्रभावकारी कार्यान्वयन गर्न दुबै पक्षबाट प्रतिबद्धता व्यक्त भयो।'

द्विपक्षीय वार्ताको क्रममा नेपालमा छिट्टै रोमानियाको दूतावास स्थापना गरी आप्रवासी कामदारको माग प्रमाणीकरण, प्रवेशाज्ञा जारी गर्न लाग्ने गरेको लामो समयावधि तथा श्रम स्वीकृतिका कार्यलाई थप सरलीकरण गर्ने, रोमानियमा नेपाली श्रमिकहरुका लागि सम्भावित सीपयुक्त श्रम बजारको पहिचान गर्नुका साथै महिला श्रमिकहरुलाई समेत लक्षित गरी सुरक्षित वैदेशिक रोजगारलाई संयोजन गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखी आपसी सहकार्य गर्ने चाहना रोमानिया पक्षबाट प्रस्तुत भएको मन्त्रालयको भनाइ छ।

छलफलमा नेपालको तर्फबाट मन्त्री भण्डारीसहित मन्त्रालयका सचिव केवल प्रसाद भण्डारी, जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का, रोमानियाका लागि अवैतनिक वाणिज्यदूत नवराज पोखरेलसमेतको सहभागित रहेको थियो। रोमानिया पक्षबाट श्रमसँग सम्बन्धित विभिन्न निकायका उच्च तहका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

द्विपक्षीय वार्तामा मन्त्री भण्डारीले नेपाली कामदारसँग सरोकारका विषयहरु र द्विपक्षीय श्रम समझादारीका आवश्यकता र प्रभावका बारेमा धारणा राखेका थिए। रोमानिया पक्षबाट नेपाली कामदारको हक, हित सुरक्षा कायम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उलेख्य संख्यामा नेपाली कामदार माग रहेको र पारदर्शी रुपमा कामदारको छनोट तथा छोटो अवधिमा नेपालबाट कामदार लैजाने प्रक्रियामा समन्वय र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त भएको मन्त्रालयले बताएको छ। नेपालले रोमानियापछि अर्को युरोपेली मुलुक जर्मनीसँग पनि श्रम समझदारी गर्दै छ।

## वैदेशिक...

सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख चौधरीले जबसम्म हरेक व्यक्तिले सकारात्मक सोच र भावना राख्दैनन् तबसम्म समाज परिवर्तन नहुने बताए।

'एउटा युवा अथवा युवती आर्थिक चपेटामा परेर परिवारका लागि घरपरिवार छोडेर परदेश गएको हुन्छ, भोलिपल्टबाट उसको कुरा काट्न शुरु हुन्छ,' नगर प्रमुख चौधरीले भने, 'यस्तो खालको व्यवहारले सिंगो परिवारलाई मानसिक तनाबमा पार्ने काम भइरहेको छ।' समाजमा हुने हरेक सुख दुःखलाई बाँडेर बस्न सके कुनैपनि मानिस दुःखी हुनु नपर्ने र मानसिक समस्या झेल्नु नपर्ने उनको भनाइ थियो।

त्यस्तै लमही नगरीपालिकाकी नगर उपप्रमुख लक्ष्मी योगीले नेपालमा आर्थिक अवस्था कमजोर भएका कारण थुप्रै नेपालीले अनाहकमा परदेशमा ज्यान गुमाउने गरेको बताइन्।

आर्थिक समस्याकै कारण वैदेशिक रोजगारमा जाने, राम्रो काम नहुँदा पैसा कमाउन नसकेर घर फर्किने, घरमा श्रीमान श्रीमतीको झगडा भइरहने, ऋणले गर्दा मानसिक तनाब भइरहनेजस्ता समस्याका कारण मानिसहरु दिनानुदिन डिप्रेसनमा जाने गरेको उनको भनाइ छ। 'यस्ता खालका व्यक्तिहरुलाई समयमा मनोसामाजिक परामर्श दिनुपर्छ, यो दायित्व नगरपालिकाको पनि हो,' योगीले भनिन्।

कार्यक्रममा लमही नगरपालिका-१ का वडा अध्यक्ष दामोदर पौडेल, ३ का वडा अध्यक्ष मनोज कुमार चौधरी, ६ का वडा अध्यक्ष श्याम नारायण चौधरी, सामी कार्यक्रमसँग सम्बन्धित शाखाका कर्मचारीहरुको सहभागिता रहेको थियो।

## मानवअधिकार...

मानन्धरलाई घेरा हाली भाग्न उम्कन नदिई रिगलले खुँडा प्रहार गरी हत्या गरेको उल्लेख छ। उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासले २८ माघ २०७६ मा गरेको पुनरावेदन फैसलामा पनि रिगल समूहको क्रियाकलापको विरोध गरेकै कारण विरोधी सिध्याउने पूर्व योजनाका साथ घटना घटाएको र खुँडा प्रहार गर्ने रिगल भएको मिसिल संलग्न कागजातबाट पुष्टि भएको आयोगले जनाएको छ।

'फैसलामा अन्त्यन्त अमानवीय क्रुर तरिकाले पूर्व तयारीका साथ वारदात घटाएको भनी उल्लेख भएको अवस्था स्पष्ट हुँदाहुँदै निज रिगल ढकाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ विपरीत माफी मिनाहा दिएको पाइएको छ' आयोगका अध्यक्षले पठाएको पत्रमा भनिएको छ। रिगललाई मुलुकी कार्यविधि संहिता ऐन जारी हुनुपूर्व कायम रहेको कारागार नियमावलीको आधार लिई माफी दिनु मानव अधिकारको दृष्टिकोणबाट पनि उपयुक्त नभएको आयोगले बताएको छ।

रिगलको कैद मिनाहाले यसले संविधानको धारा २१ मा व्यवस्था भएको अपराध पीडितको हक, अपराध पीडित संरक्षण ऐन, २०७४ को दफा ४ बमोजिमको पीडितको फौजदारी न्यायिक प्रक्रियामा स्वच्छ र सम्मानजनक व्यवहार पाउने, दफा ५ बमोजिमको कुनै पनि आधारमा विभेदपूर्ण व्यवहार व्यहोर्नु नपर्ने, दफा १० बमोजिमको पीडितले शंकास्पद व्यक्ति, अभियुक्त, कसुरदार वा निज सम्बद्ध व्यक्ति समेतको आक्रमणबाट सुरक्षित हुन पाउने लगायतका अधिकारको उल्लंघन भएको समेत मानव अधिकार आयोगको ठहर छ।

उनले राजनीतिक पहुँचकै आधारमा माफी मिनाहा पाउने अवस्थाले न्यायपूर्ण वातावरण सिर्जना हुन नसक्ने, पीडित परिवारको अधिकार कुण्ठित हुने मात्र होइन, दण्डहीनताले प्रश्रय पाउने र राज्यका निकायहरुप्रति नागरिकको विश्वास खस्कन जानेतर्फ ध्यानाकर्षण गराएका छन्। साथै पीडितको न्याय पाउने अधिकारको सुनिश्चित गर्न र दण्डहीनतालई प्रश्रय दिने यस प्रकारका कार्य हुन नदिन म्बन्धित निकायलाई निर्देशन दिन समेत मानवअधिकार आयोगका अध्यक्षले प्रधानमन्त्री प्रचण्डलाई आग्रह गरेका छन्।

**दैलेख जिल्ला अदालतबाट जारी भएको बाँके जिल्ला कोहलपुर नगरपालिका वडा नं. १ कौशिला नगर बस्ने लाल बहादुर बडुवालको नाति रुद्रे बहुवालको छोरा अ. वर्ष ३६ का मान बहादुर बडुवालका नाउँमा जारी भएको २१ (एक्काईस) दिने सूचना म्याद।**

दैलेख जिल्ला भगवतीमाई गा.पा. वडा नं. २ बस्ने धनसरा रावत वादी, प्रतिवादी तपाई भएको सम्बन्ध विच्छेद मुद्दामा तपाईंको नाउँमा यो २१ (एक्काईस) दिने म्याद जारी गरिएको छ। यो म्याद जारी भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिनभित्र तपाईसँग भएको सबुद प्रमाण सहित प्रतिउत्तर लिई तपाई आफै वा कानुन बमोजिमको वारेश पठाउनु होला। म्याद गुजारी बसेमा कानुन बमोजिम हुनेछ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन। ईति सम्वत् २०८० साल महिनाको ७ गते रोज २ शुभम्।

**मोटरसाईकल हरायो**

मिति २०८०/०६/१३ गतेको २०:०० बजेको समयमा का.जि.का.म.नपा-०८ बनकालीस्थित पार्किङ गरि राखेको बागमती प्रदेश ०२-०४३ प ७५६९ न. को रातो कालो रङको 220 F ABS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिक को प्रहरी वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

सवारी धनी : सन अटो भ्यू
(ऋणी: हेमन्त बहादुर मल्ल)
ईन्जिन नं. : DKXCMJ 33330
च्यासिस नं.: MD2A13EXXMCJ 99033
सम्पर्क नं. : ९८६५९७५७९१

**मलेसियामा रोजगार** | कम्पनी : DURA GUARD FORCE AND CONSULTANCY SDN BHD
शहर: Malaysia, Kuala Lumpur

पूर्व स्वीकृत मिति: २०७९/०३/१७ चलानी नं.: ६०१८२२९५ LT. No.: 266234 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २७ गते (14 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061-590070 | 590071 | 9856036098, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

**UAE मा PSBD Security Guard हरूलाई रोजगार**

Company: Orion Security Services LLC.

पुन: विज्ञापन। पूर्व स्वीकृती मिति: २०७८/०९/२३ चलानी नं. ६०१७२३०८ LT No. : 255683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Sira Guard | 16 | 10 | काममा दक्ष | 1200 | ४३,५०९।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |
| २. | Assd Guard | 25 | 07 | | 2000 | ७२,५१६।- | | | | | | | |

Spark Security Services Sole Proprietorship LLC

पुन विज्ञापन। पूर्व स्वीकृती मिति: २०७८/०८/०६ चलानी नं. ६०१६८३६७ LT No. : 251571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 22 | 00 | काममा दक्ष | 2000 | ७२,५१६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

SLC पास साथै अंग्रेजी भाषा राम्रोसंग पढ्न, बोल्न सक्ने हुनपर्नेछ, उचाई: ५ फिट ७ ईन्च भन्दा माथि र भुपु X-Army/Police हरुलाई प्राथमिकता दिइनेछ।

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८० असोज २७ गते (14 Oct., 2023) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम ईजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०९४६५३१४, ९८६८१३४०८३, ९८४३६२२८०३, ९८२३७७४३२४
शाखा कार्यालय चितवन सम्पर्क: ०५६-४९४३११ ९८५५०६४९७८, ९८५५०५४९७९
शाखा कार्यालय पोखरा सम्पर्क: ०६१-५८७७७०, ९८०११३६६८५, ९८५६०३९७७०
शाखा कार्यालय जितपुर सिमरा सम्पर्क: ९७६५६९४००५, ९८२३७७४३२४

# पेन डाउन गर्दै धर्नामा कर्मचारी, स्थानीय तहको सेवा ठप्प

**राम प्रसाद घिमिरे/मध्यान्ह**
बागलुङ, १९ असोज

संघीय निजामती विधेयकले स्थानीय तहका कर्मचारीका माग सम्बोधन नगरेको भन्दै देशभरका स्थानीय तहका कर्मचारी चरणबद्ध आन्दोलनमा उत्रिएका छन् ।

संघीय निजामती विधेयकमा स्थानीय तहका कर्मचारीहरूको माग समाधान गरिनुपर्ने दबाव स्वरुप कर्मचारीहरू सशक्त आन्दोलनमा उत्रिएका हुन् ।

दुई हप्ता अगाडिदेखि प्रारम्भिक चरणका दबावमूलक कार्यक्रम घोषणा गरेका कर्मचारीहरूले शुक्रबारदेखि देशभरका स्थानीय तहहरूमा धर्नासँगै पेन डाउन गर्दा सेवा प्रवाह ठप्प भएको छ । जनताको सबैभन्दा नजिकको सरकार मानिने स्थानीय सरकारका कर्मचारी नै सेवा ठप्प पारेर आन्दोलन गर्दा करोडौं नागरिक सेवा पाउनबाट वञ्चित बन्नुपरेको छ । देशभरका ७ सय ५३ वटै स्थानीय निकायका कर्मचारीहरू कति राजधानी केन्द्रित आन्दोलनमा छन् भने बाँकी सबै सेवा ठप्प पारेरै पालिकामै धर्नामा बसेका छन् ।




**स्थानीय तहको सेवा ठप्प, जनता मारमा**

देशभरका स्थानीय तहहरूमा कर्मचारीको आन्दोलनको कारण सेवा ठप्प हुँदा जनता मारमा परेका छन् । देशभरका स्थानीय तह जस्तै बागलुङ जिल्लाको बडिगाड गाउँपालिकामा पनि कर्मचारीहरूले पेन डाउन गरेका छन् । स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिको आह्वानमा पालिकाको अत्यावश्यक सेवा बाहेक सबै सेवा अनिश्चितकालको लागि बन्द गरी पेन डाउन गरिएको बागलुङको बडिगाड गाउँपालिकाका आन्दोलन संघर्ष समितिका संयोजक पूर्ण घर्तिले जानकारी दिए । 'राज्यको सेवा प्रवाहमा जनतामा सबैभन्दा नजिकबाट काम गरिरहेका स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई नै बेवास्ता गरिने गरी संघीय निजामती ऐन आउन लागेकाले यसमा हाम्रा मागहरू सम्बोधन हुनुपर्छ, हामी जनताको सेवामा घाम, पानी जोखिम नभनी खटिइरहेका छौं, त्यसैले ऐनमा राखिनुपर्ने कुराहरू सरकारले निःशर्त समेट्नुपर्छ' संयोजक घर्तीले भने, 'स्थानीय तह सरकारको जग हो त्यसैले राज्यले देश बनाउन जग बलियो बनाउनुपर्छ । तसर्थ, सरकारले तत्काल हाम्रा मागहरू पूरा गर्नुपर्छ, यसमा सरकार संवेदनशील बनोस् ।' सेवाका कर्मचारीहरूको वृत्ति विकास एवं सेवाको सुरक्षा लगायतका विषयमा २० बुँदे मागसहित पेन डाउन गरेको संयोजक घर्तिले बताए ।

**के छन् कर्मचारीका माग ?**

स्थानीय तहका कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाबाट हुनुपर्ने, स्थानीय सेवाबाट प्रदेश र संघीय निजामती सेवामा प्रवेश गर्न उमेर हद लागू हुन नहुने, समायोजन भएकाहरूको भविष्यलाई उचित सम्बोधन गर्नुपर्ने, अस्थायी तथा करारका कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्ने, ट्रेड युनियन अधिकारी पाउनुपर्ने, सेवाका कर्मचारीहरूको वृत्ति विकास एवं सेवाको सुरक्षा लगायतको विषयमा २० बुँदे माग राखी काठमाडौं केन्द्रित आन्दोलनसँगै स्थानीय तहमा पनि दबाव मूलक कार्यक्रम शुरु गरेका हुन् । सरकारी सेवाको जग एवं जनताको सबैभन्दा नजिकको सरकार मानिएको स्थानीय तहका कर्मचारी नै आन्दोलित हुँदा दैनिक सेवा प्रवाह, योजना सम्झौता, घटना दर्ता, सिफारिसदेखि प्रशासनिक कामहरू प्रभावित हुँदा जनता मारमा परेका छन् । कहिले विद्यालय ठप्प पारेर शिक्षक आन्दोलनमा, कहिले अस्पताल ठप्प पारेर चिकित्सक आन्दोलनमा त कहिले स्थानीय तह ठप्प पारेर कर्मचारी आन्दोलनमा होमिएका कारण जनतामा राज्य बोध कम हुन थालेको छ ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः वि.स. २००१/०१/०१
स्वर्गारोहणः वि.स. २०८०/०६/०८
स्व. बाबा कृष्ण गुरुङ

वैदेशिक रोजगार क्षेत्रमा लामो समयदेखि क्रियाशिल अग्रज व्यवसायी, नेपाल वैदेशिक रोजगार तमु धिं समाजका सदस्य एवम् Deity International Pvt Ltd का संचालक

आदरणीय स्व. बाबा कृष्ण गुरुङ को

स्वर्गबासको खबरले हामी तमु धिं परिवार स्तबध भएका छौ । स्वर्गीय गुरुङको निधनको आज १३औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन, इष्टमित्र र बन्धुबान्धबहरुमा धैर्य धारण गर्न सक्ने अदम्य शक्ति प्राप्त होस भन्ने कामना सहित हार्दिक समावेदना अर्पण गर्दछौं ।

तिर्थ बहादुर गुरुङ
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवासयी तमु धिं समाज परिवार
काठमाडौं नेपाल

# चापाकोटका अहेव कोइरालाविरुद्ध ९० लाखको भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्याङ्जाको चापाकोट नगरकार्यपालिकाका सिनियर अहेव बिन्दु कोइरालाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले ९० लाख ३९ हजार ६२० रुपैयाँ ३९ पैसा गैरकानूनीरुपमा आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा सिनियर अहेव कोइरालाविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

कोइरालाले सार्वजनिक सेवामा नियुक्ति पाएको मिति २०५४ कात्तिक ५ गतेदेखि २०७८ मंसिर २१ गतेसम्मको जाँच अवधिमा २ करोड ९७ लाख ८१ हजार ८ सय २ रुपैयाँ १ पैसा आय आर्जन गरेको र सोही जाँच अवधिमा कोइरालाको खर्च तथा लगानी ३ करोड ८८ लाख २१ हजार ४ सय २२ रुपैयाँ ४ पैसा देखिन आएको बताउँदै अख्तियारले ९० लाख ३९ हजार ६ सय २० रुपैयाँ ३९ पैसा बराबरको सम्पत्तिको स्रोत नखुलेको पुष्टि भएको बताएको छ ।

उनीविरुद्ध ९० लाख ३९ हजार ६ सय २० रुपैयाँ ३९ पैसा बिगो कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग, दफा ३ र दफा २९ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगोबमोजिम जरीवाना र कैद सजाय हुन तथा कोइरालाले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाई हाल कायम रहेको स्रोत नसखुलेको, स्रोत खुलेको सम्पत्ति समेतबाट साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम जफत/असुल उपर गरी पाउन मागदाबी लिइएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

साथै उनले स्रोत नखुल्ने सम्पत्ति श्रीमतीसमेतको नाममा बैंक खातामा रकम मौज्दातमा गरिएका खर्चमध्ये स्रोत पुष्टि हुन नसकेको स्रोत नखुलेको सम्पत्ति बिगो जफत गर्ने प्रयोजका लागि उनकी गीता कोइरालालाई पनि प्रतिवादी कायम गरिएको अख्तियारका प्रवक्ता दाहालले बताए ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः वि.स. २००१/०१/०१
स्वर्गारोहणः वि.स. २०८०/०६/०८
स्व. बाबा कृष्ण गुरुङ

हाम्रा शुभेच्छुक, वरिष्ठ वैदेशिक रोजगार व्यवसायी, नेपाल वैदेशिक रोजगार तमु धिं समाजका सदस्य एवम् **डेईटी ईन्टरनेशनल प्रा.लि.** का संचालक

**बाबा कृष्ण गुरुङ**को

असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ, प्रकाशक
मदनकुमार श्रेष्ठ, सम्पादक
तथा
मध्यान्ह दैनिक
परिवार

# सामाजिक विकास कार्यालयद्वारा योजना तथा कार्यक्रमबारे अन्तरक्रिया

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १९ असोज

सामाजिक विकास कार्यालय रुकुम पश्चिमले जिल्लाका क्रियाशील पत्रकारहरुसँग अन्तरक्रिया गरेको छ । सो अवसरमा गत आर्थिक वर्षमा सम्पन्न गतिविधिको समीक्षा गर्नुका साथै चालु आर्थिक वर्षका योजना तथा कार्यक्रमको बारेमा कार्यलयले जानकारी गराएको छ ।

जिल्लामा क्रियाशील पत्रकार हरुसँग वार्षिक समीक्षा, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम गरेको कार्यालय प्रमुख धनन्जय आचार्यले बताए । कार्यालयले गर्ने विभिन्न सामाजिक गतिविधिहरुमा ऐक्यबद्धता र समस्याहरु साझारुपमा समाधन गर्न सघाउ पुग्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको हो । कार्यालयका प्रमुख आचार्यले गत आर्थिक वर्ष ०७९/८० मा सम्पन्न गतिविधिहरु र चालु आर्थिक वर्ष ०८०/८१ मा स्वीकृत कार्यक्रमहरुको प्रस्तुति राखेका थिए । उनले कार्यालयले विभिन्न ६ वटा क्षेत्रमा काम गरिरहेको जानकारी दिए । कार्यालयले शिक्षा, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा, महिला तथा बालबालिका, भाष, धर्म र संस्कृति, श्रम तथा रोजगार र युवा तथा खेलकुदको क्षेत्रमा काम गरिरहेको उनले बताए । कार्यक्रमका प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले सामाजिक विकास कार्यालयका कामहरु थप प्रभावकारी बनाउन आवश्यक रहेको प्रष्ट पारे । सामाजिक क्षेत्रका तमाम समस्याहरुसँग नियालेर समस्याको समाधानतिर लाग्न उनले निर्देशन दिए ।

कार्यक्रमको सञ्चालन सामाजिक विकास कार्यालयका प्राविधिक सहायक (शिक्षा) योगेन्द्र आलेमगरले गरेका थिए । यस्तै महिला विकास निरीक्षक शसिला घर्ती मगरको स्वागत मन्तव्य रहेको थियो । कार्यक्रममा जिल्लामा क्रियाशील पत्रकारहरुको उपस्थिति रहेको थियो । सामाजिक विकास कार्यालयका प्रमुख धनन्जय आचार्जको अध्यक्षतामा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं.२०१६ जेठ २० गते
स्वर्गारोहणः वि.सं.२०८० असोज ८ गते
स्व. रिना ठगुना

यस संस्थाका एच आर मेनेजर श्री नरेन्द्र सिंह ठगुनाका पुजनीय माता **श्री रिना ठगुना**ज्यूको असामयिक तथा अप्रत्याशित रुपमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठ वासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनि भगवानसंग प्रार्थना गर्दछौं ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि. परिवार
सिनामंगल, काठमाडौ, नेपाल

हार्दिक श्रद्धाञ्जली



जन्मः २००१/०१/०१
स्वर्गारोहणः २०८०/०६/०८
स्व. बाबा कृष्ण गुरुङ

यस डेईटी ईन्टरनेशनल प्रा.लि.का अध्यक्ष श्री बाबा कृष्ण गुरुङको देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै शोक सन्तप्त परिवारप्रति गहिरो समबेदना प्रकट गर्दछौं ।

संचालकहरु :
- मनि कर्ण बुढा
- ग्याञ्जु शेर्पा
- धोज बहादुर बुढा
- तिलक बहादुर श्रीपाली
- हर्क बहादुर घर्ती

तथा
डेईटी ईन्टरनेशनल प्रा.लि.
परिवार
लैनचौर, काठमाडौं

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशन गरिएको सूचना**

यस फर्म/कम्पनीले (जापान, थाईलैण्ड) बाट पैठारी गरेको देहायको माल वस्तुहरुको अधिकतम् खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| S.NO. | GOODS ITEM DETAIL | TYPE | BRAND | MODEL | CAPICITY | P. M.COUNTRY | QTY. | RATE PER PICES | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DIGITAL CAMERA | DigiCam | Nikon | P1000 + RODE VideoMicro + SmallRig + ML-L7 | 16.0MP | THAILAND | PCS | NPR | 132,490 |
| 2 | DIGITAL CAMERA | Digital SLR | Nikon | D7500 18-140 VR Kit | 20.9MP | THAILAND | PCS | NPR | 154,990 |
| 3 | DIGITAL CAMERA | Digital SLR | Nikon | Z30 16-50 + RODE VideoMicro + SmallRig + ML-L7 | 20.9MP | THAILAND | PCS | NPR | 110,990 |
| 4 | DIGITAL CAMERA | Digital SLR | Nikon | Z50 16-50 + RODE VideoMicro + SmallRig + ML-L7 | 20.9MP | THAILAND | PCS | NPR | 134,490 |
| 5 | DIGITAL CAMERA | Digital SLR | Nikon | Z6 II Body + RODE VideoMicro + SmallRig + ML-L7 | 24.7MP | THAILAND | PCS | NPR | 242,990 |
| 6 | DIGITAL CAMERA | Digital SLR | Nikon | Z7 II Body + RODE VideoMicro + SmallRig + ML-L7 | 45.7MP | THAILAND | PCS | NPR | 365,990 |
| 7 | DIGITAL CAMERA | Digital SLR | Nikon | D850 Body + RODE VideoMicro + SmallRig + ML-L7 | 45.7MP | THAILAND | PCS | NPR | 350,990 |
| 8 | DIGITAL CAMERA | Digital SLR | Canon | EOS R50 18-45 | 24.2MP | JAPAN | PCS | NPR | 126,990 |
| 9 | DIGITAL CAMERA | Digital SLR | Canon | EOS R10 18-45 | 24.2MP | JAPAN | PCS | NPR | 147,990 |

SELLER : PRIMAX INTERNATIONAL INC
ADDRESS: NEW ROAD, KATHMANDU
PAN NO 300047253
PH: 014248407

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

समीक्षा

# देश देशावर : उत्कृष्ट नियात्राहरुको संगालो



■ रसुवाली कवि

जंगबहादुरको बेलायत यात्रा, ताना शर्माको बेलायततिर बरालिँदा, लैंडसिङ वाङ्देलको रोमको एउटा फूल र प्यारिसको एउटा काँडा पढ्दै जीवा लामिछानेको देश देशावरसम्म आइपुग्दा नेपाली नियात्राले लामो समय पार गरिसकेको छ । यात्रा साहित्य, यात्रा निबन्ध, नियात्रा, यात्रा स्मरण जे भनेपनि नियात्रा विश्व साहित्यमा एउटा छुट्टै विधाको रूपमा स्थापित भइसकेको छ। जीवा लामिछाने नेपाली साहित्यमा अनिवार्य पढिनुपर्ने नियात्राकार हुन् । जसले जीवा लामिछानेलाई पढेका छन्, उनीहरूको लागि लामिछानेका नियात्राले अमिट छाप छोड्छ ।

जीवाको नियात्रामा आजको विश्व परिवेश मात्र हैन, हिजोको विश्व परिवेश पनि छ । विजय मल्लको चर्चित कविता 'छोरीलाई मानचित्र पढाउँदा' कवितामा व्यक्त भाव जस्तै जीवा लामिछानेले सम्बन्धि देशको बिगत र आगतलाई कलात्मकरूपमा वर्णन गरेका छन् ।

चितवनका ओशिला बिहानहरूमा भूँइ कुहिरोको लहर हेर्दै हुर्केका जीवा चितवनभन्दा हजारौं किलोमिटर परको आइसल्याण्ड पनि पुगेर आफ्नो सानो गाउँ पदमपुरलाई सम्झिरहन्छन्। युरोपको कुनै देशमा पुगेर उनी पौडी खेलिरहेका हजारौं मानिसहरू देख्छन् । जीवा पदमपुरनेरको सानो खोलोलाई सम्झन्छन्, बाल्यकालको मीठो यादमा रमण गर्छन् । चर्नलाई जहाँ-जहाँ पुगेपनि आफ्नो सानो गुडलाई सम्झिरहनु चराहरूको विशेषता हो । मलाई चराहरूको स्वतन्त्रताको प्रतीक लाग्छ । मानिसमा स्वतन्त्रताको शेष बाँकी छ। मानिसहरूले गुँड बिर्सीसकेका छैनन्। जीवा लामिछाने पनि आफ्नो थातथलो र गुँडलाई भुल्न नसक्ने नेपाली हुन् । उनमा आफ्नो माटोप्रेमको भावना प्रवल छ ।

जीवा लामिछानेलाई म माटोप्रेमी र देशभक्त भन्न रुचाउँछु। राष्ट्रवादी सोच सधैं महान् हुँदैन भनेर मैले जीवा लामिछानेबाट नियात्राहरूबाट सप्रसङ्ग थाहा पाएको हुँ । जर्मनका हिटलर त्यसैका उदाहरण हुन् । युगाण्डाका दादा इदी अमिन अर्का उदाहरण हुन् । एउटा सन्की शासक समाजका लागि कति घातक हुन्छ देश देशावरमा संग्रहित यात्रा निबन्ध 'युगान्डा : बिर्सन खोजेको इतिहास' पढ्दा स्पष्ट हुन्छ ।

रुवाण्डाको दारुण कथा छ । 'कङ्काल सम्याएर उभिएको विकास' शीर्षकको निबन्धमा। रुवाण्डाको ती बिर्सन नसकिने सय दिन र दस लाख मान्छेको सहादतको कथा पढ्दा आङ्ग सिरिङ्ग हुन्छ। अविकसित समाजमा कसरी शासकहरूले जति जातीय घृणाको वीष वृक्ष रोप्छन्, त्यति नै त्यो मानवताको लागि घातक हुन्छ। देशा देशावरको पहिलो यात्रा निबन्धमा त्यसको वर्णन छ ।

अफ्रिकी देशहरू विकासका हिसाबले पछाडि परेका छन् । त्यहाँको प्राकृतिक स्रोत साधनमाथि हैकमवाला राष्ट्रको नजर पर्नु स्वाभाविक पनि हो । हामी सोपानतन्त्रको अनुभुति गरेकै छौं । डरलाग्दो कुरा, अफ्रिकी समाजमा राष्ट्रवाद र फरक जातीप्रतिको घृणाले युद्ध जन्माएको छ। धेरै मानिसहरूको ज्यान गएको छ । जीवाले एकदम सरल ढंगले त्यो समय करुण व्याख्या गरेका छन्। अफ्रिकी देशहरूको हाल पढ्दा हाम्रो समाजको याद आउँछ। यहाँको अविकासको झल्को आउँछ ।


